# नागरिक समाजको माग:

## वातावरणीय प्रतिवद्दता प्रति राजनीतिक दलहरुको जवाफदेहीता

**यो पत्रको बारेमा,**

नेपाल जलवायु परिवर्तनको जोखिमका हिसाबले अति संवेदनशील राष्ट्र हो तर नेपालले विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनको ०.०२७% मात्र उत्सर्जन गर्दछ । भर्खरै प्रकाशित इसिमोड (ICIMOD) को प्रतिवेदन अनुसार विश्वव्यापी तापक्रम वृद्धिलाई १.५° सेल्सीयसमा सिमित गर्दा पनि हिन्दकुश हिमालय क्षेत्रका एक तिहाई हिमनदीहरू पग्लने अनुमान गरिएको छ । यसले नेपालमा मात्र नभई एसिया महाद्वीपको उत्तरी भेगका राष्ट्रहरूमा समेत खाद्य सुरक्षा र पानी सुरक्षा जस्ता क्षेत्रमा दीर्घकालीन असर पर्दछ ।

विश्वव्यापी राजनीतिक वृतमा जलवायु परिवर्तनले राम्रै महत्व ओगट्न सफल भइरहेको पाईन्छ । बेलायत लगायत केही अन्य राष्ट्रहरूले जलवायु परिवर्तनसँग जुध्न र त्यसका लागि आवश्यक राजनीतिक सरसहयोग जुटाउन "जलवायु आपतकाल" भनेर घोषणा गरिसकेका छन् । नेपालले जलवायु परिवर्तनसँग सम्वन्धित पेरीस सम्झौता तथा दिगो विकास लक्ष्यमा समेत हस्ताक्षर गरिसकेको छ । तथापि राजनीतिक दलहरूले वातावरण र जलवायु परिवर्तनको मुद्धालाई मूल राजनीतिक मुद्धाको रूपमा अझै आत्मसात् गरेका छैनन् र प्रतिवद्धताको अझै कमी भएको स्पष्ट देखिन्छ । यद्यपि वि.सं. २०७४ को चुनावी घोषणापत्रमा भने प्राय सबै राजनीतिक दलहरूले वातावरणीय मुद्धा/विषय समावेश गरेको पाइन्छ । **विश्व वातावरण दिवस २०१९ (June 5)** का दिन सार्वजनिक गरिएको यस पत्रमा नेपालमा क्रियाशील राजनीतिक दलहरूका चुनावी घोषणापत्रहरूमा वातावरण संरक्षण र जलवायु परिवर्तन सम्बन्धी उल्लेख भएका प्रतिवद्धताहरूको लेखाजोखा राख्ने प्रयास गरिएको छ ।

यस पत्रले नेपालका मुख्य राजनीतिक दलका वातावरण र जलवायु परिवर्तन सम्बन्धी बुझाई र अवधारणाका विषयमा प्रकाश पार्दछ । मुख्यगरि नेपालका निम्नलिखित ५ मुख्य राजनीतिक दलहरूका वि.सं. २०७४ को चुनावी घोषणापत्रहरूको समीक्षा तथा तल उल्लेखित राजनीतिक दलका प्रतिनिधिहरूसँग अन्तरवार्ता पश्चात यो पत्र तयार पारिएको हो ।

## मुख्य राजनीतिक दलका सन् २०१७ को चुनावी घोषणापत्रको सारांश




### नेपाल कम्युनिष्ट पार्टी
**(तत्कालीन ने.क.पा. एमाले र माओवादी केन्द्र)**

स्वच्छ उर्जाको विकास तथा बढावाः १५००० मेगावट विद्युत उत्पादन (जलविद्युत, सौर्यउर्जा, वायु उर्जा र वायोग्यासबाट)

प्राकृतिक श्रोत साधन र वन व्यवस्थापनः ४५% वनले ओगटेको क्षेत्र व्यवस्थापन गर्ने ।

जलश्रोत संरक्षणः हिमाल, हिमनदी तथा चुरे क्षेत्रको संरक्षण गर्ने ।

फोहोरमैला व्यवस्थापनः जैविक उर्जा र प्राङ्गारिक मलको बढावा, प्लाष्टिकको प्रयोगमा रोक लगाउने र नि:शुल्क सार्वजनिक शौचालयको व्यवस्था गर्ने ।

### संघीय समाजवादी फोरम नेपाल

स्वच्छ उर्जाको विकास तथा बढावाः राष्ट्रलाई ५ वर्ष भित्र उर्जा क्षेत्रमा आत्मनिर्भर बनाउने र त्यसका लागि साना तथा मझौला खालका जलविद्युत आयोजना र नविकरणीय उर्जाका श्रोतहरू प्राथमिकतामा राख्ने ।

प्राकृतिक श्रोत साधन र वन व्यवस्थापनः व्यापारिक वन व्यवस्थापन तथा प्रयोग र चुरे क्षेत्रको संरक्षण गर्ने ।

पानीका श्रोतको संरक्षण : ठुला नदीहरूको बहुउद्देश्यीय र एकिकृत विकास गर्ने ।

### नेपाली कांग्रेस

प्राकृतिक श्रोत साधन र वन व्यवस्थापनः ४०% वनले ढाकिएको क्षेत्र व्यवस्थापन गर्ने र चुरे क्षेत्रको संरक्षण गर्ने ।

स्वच्छ उर्जाको विकास तथा बढावाः खनिज इन्धनको प्रयोगमा कटौती गर्दै नवीकरणीय उर्जाको उत्पादन बढाउने ।

फोहेर मैला व्यवस्थापनः प्लाष्टिकको झोला प्रयोगमा रोकथाम गर्ने ।

प्रदुषण रोकथामः उद्योगधन्दामा नयाँ प्राविधिक प्रयोग गर्दै लगाउने काठमाण्डौ उपत्यकाको वायु प्रदुषण नियन्त्रण गर्ने ।

### विवेकशील साझा पार्टी

प्राकृतिक श्रोत, साधन र वन व्यवस्थापनः व्यापारिक वन व्यवस्थापन, मानव-वन्यजन्तु बिचको द्वन्द्व घटाउने ।

फोहोरमैला व्यवस्थापनः नयाँ प्रविधिको अनुसरण गर्ने ।

प्रदुषण नियन्त्रणः नयाँ प्रविधिको अनुसरण गर्ने ।

### राष्ट्रिय प्रजातन्त्र पार्टी

स्वच्छ उर्जाको विकास तथा बढावाः १० वर्षमा १०००० मेगावाट विद्युत उत्पादन गर्ने, सधैंका लागि लोड सेडिङ्को अन्त्य गर्ने, सडकमा सोलारबाट बल्ने वत्तिको प्रयोग गर्ने तथा विद्युतीय सवारी साधनहरूमा २० प्रतिशत कर छुट दिने ।

प्राकृतिक श्रोत साधन तथा वन व्यवस्थापनः सिमसार व्यवस्थापन, चुरे संरक्षण तथा सामुदायिक वन विकास गर्ने ।

पानीका श्रोतको संरक्षणः पानीमा श्रोतको संरक्षण गर्दै बाढी तथा पहिरो रोकथामका उपाय अनुसरण गर्नेः

## हाम्रो बुझाई

- विकासका मुद्धाहरूमध्ये वातावरणको विषय सबैभन्दा कम प्राथमिकतामा परेको देखिन्छ । जलवायु परिवर्तनको एजेण्डा कुनै पनि दलको प्राथमिकतामा परेको छैन ।
- वातावरणसँग सरोकार राख्ने विषयहरूलाई राजनीतिक नेतृत्वले विकासको अवरोधको रुपमा लिने र यी सवालहरूलाई वेवास्ता गर्ने गरिएको देखिन्छ । राजनीतिक नेतृत्वमा वातावरणका विषयहरूलाई विकासको मूलप्रवाहमा ल्याउने बुझाई, तरिका र क्षमताको अभाव देखिन्छ ।
- राजनीतिक दलका वैठकहरूमा वातावरण र जलवायु परिवर्तनका विषयहरूबारे छलफल हुने गरेको देखिँदैन ।
- वातावरण र जलवायु परिवर्तका विषयमा पार्टीको अवधारणा निर्माण गर्नका लागि राजनीतिक दलहरू भित्र विषयगत विज्ञहरूको संरचना वा समितिहरू छैनन् । जसका कारण पार्टी नेतृत्वहरूमा दिगो विकासको महत्वपूर्ण धारणा बनाउने तर्फ ध्यानाकर्षण हन सकेको देखिँदैन ।
- राजनीतिक दलका चुनावी घोषापत्रहरूमा वातावरणीय मुद्धा समावेश भएतापनि त्यसको कार्यान्वयनका लागि कुनै योजना तथा रणनीति छैन र त्यसको समीक्षा तथा पुन छलफल गरिँदैन ।

## राजनीतिक दलहरुका लागि सुझाव

- वातावरण र विकासलाई एकीकत रुपमा अगाडि नबढाई दिगो विकास लक्ष्य प्राप्त गर्न सम्भव नहुने भएको हुँदा राजनीतिक दलका नेताहरूमा वातावरणको विषय खउठान हुनु विकास विरोधी कार्य होइन भनेर सचेत गराउनु अत्यन्त जरूरी भइसकेको छ ।
- वातावरण र जलवायु परिवर्तनका विषयमा पार्टीको अवधारणा बनाउनका लागि राजनीतिक दलहरूले पार्टीहरू भित्र जिम्मेवार समितिको स्थापना गरेर उक्त समितिलाई सहि तरीकाले परिचालन गर्न जरुरी छ ।
- नागरिक संघ संस्था र राजनीतिक दलहरूले वातावरण र जलवायु परिवर्तनका विषयमा साझा बुझाईको विकास गर्नका लागि एक आपसमा अर्थपुर्ण छलफललाई अगाडि बढाउनु **पर्दछ ।**
- वातावरण र जलवायु परिवर्तनसँग सम्बन्धित नीति, विधेयक तथा रणनीतिहरूका विषयहरूमा राजनीतिक दलका बैठक, संसद तथा सम्बन्धित संसदीय समितिहरूमा अर्थपुर्ण छलफल हुन जरूरी छ ।
- जलवायु परिवर्तन जस्ता विश्वव्यापी विषयहरूमा तथा अन्य मुख्य वातावरण सम्बन्धी विषयहरूमा साझा राष्ट्रिय धारणा निर्माणका लागि पार्टीहरूका बिचमा छलफल तथा समन्वय गर्नु अत्यन्त जरूरी भइसकेको छ ।


Prakriti Resources Centre

**Prakriti Resources Centre**
107/22 Aruna Lama Marg, Ganesh Basti, Narayan Gopal Chowk, Kathmandu, Nepal
P: +977-1-4428602 | info@prc.org.np

KIRDARC together for social justice
**Karnali Integrated Rural Development and Research Centre (KIRDARC) Nepal**
Sanepa, Lalitpur, Nepal | PO Box : 20842 | Phone : +977-1-5548321, 5548040
Fax : +977-1-5549093 | email : kirdarc@kirdarc.org | website : www.kirdarc.org
**TOLL FREE : 16 600 109 109**



यो लेख क्लाइमेट एक्सन नेटवर्क, दक्षिण एशिया (CANSA) नेपाल द्वारा प्रकाशित गरिएको हो । CANSA नेपाल जलवायु परिवर्तनका विषयमा काम गर्ने नागरीक संघ संस्थाहरूको सञ्जाल हो । CANSA नेपालका लागि यो पत्र तयार गर्न गीता पाण्डे (किर्डाक) र प्रविन मान सिंह (पि.आर.सि) ले अध्ययन तथा समन्वय गर्नु भएको हो ।

यो प्रकाशन निम्न लिङ्क वाट डाउनलोड गर्न सकिन्छ । www.cansouthasia.net, www.kirdarc.org or www.prc.org.np